# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं श्रावण २१ गते २०१३ साल [संख्या १६


### २०१३ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविरा-
जमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल
ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र
सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर
विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समरविजयिनाम ।

रजिष्ट्रेशन दस्तुर विषय साबिक भैरहेको रजिष्ट्रेशन ऐन ३८ नम्बर संशोधन गर्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

### रजिष्ट्रेशनको

साबिक ३८ नं. खारेज त्यसको बदला ३८ न ॥ ॥माफी रैकर गैन्ह घर जग्गा-को फाछेँ नवी फाछेँ बन्धकीसमेत लेन देन व्यवहारको जुनसुकै कागजको रजिष्टरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दा देहायमा लेखिएबमोजिमको दरले फाछैं अशीफाछैं राजिनामा बन्धकीसमेत लेन देनको कागज भएकोमा धनीबाट, लेखिएबाहेक अरू कागज भएकोमा लिने पाउनेबाट लेन देन नगदी भएकोमा जुन चल्तीको रुपैयाँ लेन देन भएको छ सो चल्तीले र जिन्सी लेन देन भएकोमा बिगो खुल्न सक्ने रहेछ भने लिने दिनेबाट त्यसको बिगो खुलाई सो खुलाई दिएको बिगो मनासिब छ छैन हाकिमले विचार गरी मुनासिब देखिएमा जुन चल्तीको बिगो कायम भई खुलेको छ, त्यसैको देहायबमोजिम दस्तुर लिनु सो दस्तुर लिएपछि सोही जग्गा दाखेल खारेज गर्दा दाखेल खारेज गर्ने अड्डाबाट फेरि बेग्लै दस्तुर लिइँदैन।

| असामी — | फाछर्चा राजिनामा बयहावन हालैहक छुट्ने बकसपत्रमा | धीतो बन्धक र शेषपछिको बकसपत्रमा — |
|---|---|---|
| १०० रुपैयाँसम्मको कागत भए रु. | —३ तीन | — २ दुई |
| १०० देखि २५० सम्म भए रु | —५ पाँच — | ३॥ साढे तीन |
| २५० देखि ५०० सम्म भए रु | —७ सात — | ४॥ साढे चार |
| ५०० देखि १००० सम्म भए रु. | —९ नौ | —६ छ |
| १००० देखि माथि हजारैपिछे बढाई दस्तुर लिने रु. — | —३ तीन | —२ दुई |
| बिगो नखुलेकोमा रु. — | —२० बीस | —२० बीस |
| लखबन्धक सारेकोमा अरु बन्धकी सरह रजिष्ट्रेशन खुल्नु भन्दा अगाडिको कागज पास गर्न ल्याए दरबन्दीको दुइ खण्डको १ खण्ड— | — | |

बरसारमा अड्डाको हाकिम कारिन्दा गई कागज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 962

| | |
|---|---|
| गराई रजिष्ट्री भएकोमा लिने थप दस्तुर रु. | — १० दस |
| नक्कल लिन आएमा मुख्य कागतको रु | — १॥ साढेएक |
| नक्कल लिन आएमा साथैको कागतको रु. | — १ एक |
| नक्कल हेर्न आएमा रु — — | — १ एक |

माथि लेखिएको दर कायम गरी काम कारबाई गर्नै गराउने २०१० साल वैशाख ८ गतेको गजेटमा प्रकाश भएको अर्थ आयविभागको सूचनाबमोजिम भए गरेको काम यस ऐनबमोजिम भएको मानिनेछ ।

इति संवत् २०१२ साल गते रोज शुभम्

लालमोहर सदरमिति २०१२।६।७।६ मा

आज्ञाले—

नयनबहादुर,

का. मु. सेक्रेटरी–कानूनमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

982

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।